# एनएलजी इन्स्योरेन्स कम्पनी लि.

## श्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको चौधौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्युट) सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ७५(३) बमोजिम प्रकाशित सार्वजनिक सूचना

**बैधानीक सभा** :

मिति २०७७ कात्तिक ५ गते बसेको एनएलजी ईन्स्योरेन्स कम्पनी लिमिटेडको सञ्चालक समितिको ३१०औं बैठकको निर्णायानुसार यस कम्पनीको नियमावली १० र कम्पनी ऐन, २०६३ को दफा ७६(१) बमोजिम बोलाइएको कम्पनीको चौधौं वार्षिक साधारण सभा यस कम्पनीको संचालक समितिको अध्यक्ष श्री बिमल प्रसाद वाग्लेको सभापतित्वमा निम्न मिति, स्थान र समयमा वेभिनार मार्फत देहाय अनुसार सम्पन्न भयो ।

**चौधौं वार्षिक साधारण सभा बसेको मिति, समय र स्थान** :

| | | |
|---|---|---|
| सभा मिति | : | २०७७ मंसिर ५ गते, शुक्रवार (तदानुसार २० नोभेम्बर, २०२०) |
| सभा समय | : | बिहान १०:०० बजे देखि |
| सभा स्थान | : | कम्पनीको रजिष्टर्ड कार्यालय, पानीपोखरी, काठमाण्डौं । |

**सभाको सूचना प्रकाशन** :

कम्पनी ऐन, २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम १० को व्यवस्था अनुरुप शेयरधनी महानुभावहरुको ठेगानामा कुरियर मार्फत मुद्रित वार्षिक प्रतिवेदन सहित चौधौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना पठाइएको । साथै सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची सहित शेयरधनी महानुभावहरुलाई सभा सम्बन्धि अन्य जानकारी समेत उल्लेख गरि मिति २०७७ कात्तिक ६ गते कारोबार राष्ट्रिय दैनिकमा २१ दिन अगावैको सार्वजनिक सूचना प्रकाशित गरिएको । मिति २०७७ कात्तिक ७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा आ.व. २०७५/०७६ को संक्षिप्त आर्थिक विवरण सहितको कम्पनी ऐन २०६३ को दफा ८४(१) प्रयोजनार्थ सभा सम्बन्धि सूचना पुनः प्रकाशित गरिएको थियो । कम्पनीको चौधौं वार्षिक साधारण सभा सम्बन्धि सूचना तथा चौधौं वार्षिक प्रतिवेदन एवं जुम सभा वेभिनारको लागि आवश्यक Meeting ID / Password कम्पनीको website www.nlg.com.np मा राखिएको थियो ।

**छलफलका विषयहरु** :

विषय सूची :

**(क) सामान्य प्रस्ताव** :

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत हुने आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७६ साल आषाढ मसान्तको वासलात, २०७५/०४/०१ देखि २०७६/०१/३१ सम्मको नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचिहरु छलफल गरी स्वीकृत गर्ने बारे ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/०७६ सम्मको मुनाफाबाट रु. ३७,७५,०२६/- (०.३७ प्रतिशत) नगद लाभांश स्विकृत गर्ने (प्रस्तावित बोनस शेयरमा लाग्ने कर रकमको समायोजनका लागि) ।

(५) विविध अर्न्तगत कम्पनी ऐन २०६३ को दफा ९०(३) बमोजिम श्री मन बहादुर राई लाई रिक्त रहेको सञ्चालक पदमा बाँकी कार्यकालका लागि यस कम्पनीको सञ्चालक समितिको मिति २०७७/०७/२७ गते बसेको ३११ औं बैठकको निर्णयानुसार गरिएको नियुक्तीको अनुमोदन गर्ने ।

**(ख) विषेश प्रस्ताव** :

(१) सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम आ.व. २०७५/०७६ को संचीत मुनाफाबाट चुक्तापूँजी रु. १,०२,४६,५०,००० (एक अर्ब दुई करोड छयालीस लाख पचास हजार रुपैयाँ) को ७ (सात) प्रतिशतका दरले रु. ७,१७,२५,५००/- (सात करोड सत्र लाख पचीस हजार पाँच सय) बराबर वोनस शेयर वितरण गर्ने ।

(२) बोनस शेयर जारी पश्चात कम्पनीको जारी तथा चूक्ता पूंजी बृद्धि भई रु. १,०९,६३,७५,५००/-(एक अर्ब नौ करोड त्रिसाठी लाख पचहत्तर हजार पाँच सय रुपैयाँ) पुग्ने हुँदा सोही अनुसार जारी तथा चूक्ता पूंजी प्रबन्धपत्रको दफा ५ (क) (ख) (ग) (घ) तथा नियमावलीमा नियम ५ (क) (ख) (ग) (घ) मा संशोधन गर्ने प्रस्ताव स्विकृत गर्ने सम्बन्धमा ।

(३) समूह "ख" शेयरधनी समायोजन गर्ने सम्बन्धमा । सोही अनुसार प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

(४) प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक फेरबदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी दिने ।

(५) विविध ।

**सभाको वैधानिकता** :

कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम ११(क) बमोजिम साधारण सभा सञ्चालनका लागि बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ७ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थिति हुनुपर्नेमा आजको यस सभामा प्रत्यक्ष रुपमा ३२ जना, जुम सभा मार्फत ६९ जना, NLG Facebook Page Live मार्फत ६२ जाना तथा प्रोक्सी मार्फत १२ जना गरि कुल शेयर संख्याको ६२.२२ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरि शेयरधनीहरुको उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुरा भएको र सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा सभामा जानकारी भयो ।

कम्पनीको ऐन २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम १०(क) बमोजिम यस कम्पनीको सञ्चालक समितिको अध्यक्ष श्री बिमल प्रसाद वाग्लेज्यूको सभापतित्वमा बिहान १०:०० बजे साधारण सभा शुरु भयो ।

सभामा शेयरधनी महानुभावहरु मध्ये ९ जना शेयरधनी महानुभावहरु क्रमशः श्री अमृत नाथ रेग्मी, श्री अमिर दास रञ्जित, श्री गुण राज भट्ट, श्री रोज कुमार श्रेष्ठ, श्री उद्धव प्रसाद घिमिरे, श्री डमरु बल्लभ घिमिरे, श्री शिव प्रसाद पौडेल, श्री चन्द्र नारायण श्रेष्ठ तथा श्री नरसिंह लाल चँखुले कम्पनीको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन लगायत वित्तीय विवरण उपर आ–आफ्नो जिज्ञासा, मन्तव्य, धारणा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो । शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा तथा मन्तव्य प्रति सभाको सभापतिज्यूले सामूहिक रुपमा प्रति उत्तर दिनु भई सभामा उपस्थिती र सक्रिय रुपमा छलफलमा सहभागी भई कम्पनीको बृहत्तर हितमा रचनात्मक सुझाव र टिप्पणी गर्नुहुने सबै शेयरधनी महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

**सभाको निर्णयहरु** :

**(क) सामान्य प्रस्ताव तथा सो मा भएको निर्णय** :

(१) आ.व. २०७५/०७६ को संचालक समितिको वार्षिक प्रतिवेदन सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदन पारित गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७६ साल आषाढ मसान्तको वासलात, २०७५/०४/०१ देखि २०७६/०१/३१ सम्मको नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचिहरु पारित गर्नका लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदनहरु पारित गरियो ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व.२०७६/०७७ को लागि हाल कायम रहेको लेखापरीक्षक **M/s L.S.P. Associates, Chartered Accountants** पुनः नियुक्तका लागि योग्य रहेको हुदाँ निजलाई नियुक्त गर्ने निर्णय सभाबाट पारित गरियो र निजको हाल कायम रहेको पारिश्रमिक रु.३,३०,०००/- (तीन लाख तीस हजार) मू.अ. कर बाहेक निर्धारण गरिएको तथा अन्य खर्चहरु कम्पनीको नियम बमोजिम सोधभर्ना गर्ने प्रस्ताव सभाबाट पारित भयो । साथै आ.व.२०७६/०७७ को लागि नियामक निकायको निर्देशानुसारको लेखापरीक्षण शुल्क, कर लेखापरीक्षण शुल्क, विस्तृत लेखापरीक्षण प्रतिवेदन शुल्क, कम्पनी ऐनको दफा ७८ बमोजिम प्रतिवेदन शुल्क समेतको लागि सोही फर्मलाई अतिरिक्त रु. १,२०,०००/– (एक लाख बीस हजार) मू.अ. कर बाहेक गरी कूल रु. ४,५०,०००/– (चार लाख पचास हजार) मू.अ. कर बाहेक लेखा परीक्षण शुल्क प्रदान गर्ने गरी नियुक्त गर्ने प्रस्ताब सभाबाट पारित भयो ।

(४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/०७६ सम्मको मुनाफाबाट रु. ३७,७५,०२६/- (०.३७ प्रतिशत) नगद लाभांश स्विकृत गर्ने (प्रस्तावित बोनस शेयरमा लाग्ने कर रकमको समायोजनको प्रयोजनार्थका लागि) प्रस्ताव पारित भयो ।

(५) विविध अर्न्तगत कम्पनी ऐन २०६३ को दफा ९०(३) बमोजिम श्री मन बहादुर राई लाई रिक्त रहेको सञ्चालक पदमा बाँकी कार्यकालका लागि यस कम्पनीको सञ्चालक समितिको मिति २०७७/०७/२७ गते बसेको ३११औं बैठकको निर्णयानुसार गरिएको नियुक्तीको सभाबाट अनुमोदन गरियो ।

**(ख) विषेश प्रस्ताव र सो मा भएको निर्णयहरु** :

(१) सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम आ.व.२०७५/०७६ को संचीत मुनाफाबाट चुक्तापूँजी रु. १,०२,४६,५०,००० (एक अर्ब दुई करोड छयालीस लाख पचास हजार रुपैयाँ) को ७ (सात) प्रतिशतका दरले रु. ७,१७,२५,५००/- (सात करोड सत्र लाख पचीस हजार पाँच सय) बराबर वोनस शेयर वितरण गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो पारित गरियो ।

(२) यस सभामा प्रस्तावित बोनस शेयर जारी पश्चात प्रबन्धपत्रको दफा ५(ख) मा रहेको हालको व्यवस्था संशोधन गर्न "कम्पनीको तत्काल जारी गर्ने पूँजी रु.१,०९,६३,७५,५००/- (एक अर्ब नौ करोड त्रिसाठी लाख पचहत्तर हजार पाँच सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १,०९,६३,७५५ (एक करोड नौ लाख त्रिसाठ्ठी हजार सात सय पचपन्न) थान साधारण शेयरमा विभाजन गरिएको छ । " भन्ने व्यवस्था कायम गर्ने, त्यसै गरि नियमावलीको नियम ५ (ख) मा रहेको हालको व्यवस्था संशोधन गरी " "कम्पनीको तत्काल जारी गर्ने पूँजी रु.१,०९,६३,७५,५००/- (एक अर्ब नौ करोड त्रिसाठी लाख पचहत्तर हजार पाँच सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १,०९,६३,७५५ (एक करोड नौ लाख त्रिसाठ्ठी हजार सात सय पचपन्न) थान साधारण शेयरमा विभाजन गरिएको छ । " भन्ने व्यवस्था कायम गर्ने गरी पेश भएको विशेष प्रस्ताव पारित गरियो ।

(३) समूह "ख" को शेयर सहज विक्री वितरण गर्ने प्रयोजनका लागि सो समूहलाई आवश्यक समायोजन गर्न संस्थापक शेयरधनी समूहको न्यूनतम ५१% हुनु पर्ने वर्तमान प्रावधानलाई दृष्टिगत गरी हाल कम्पनीको प्रबन्धपत्रको दफा ५ ग (१) तथा नियमावलीको नियम ५ ग (१) मा "कम्पनीको संस्थापक शेयरवालाहरुले जारी पूँजीको ५० प्रतिशत वरावर हुन आउने रकम लिनेछन्" भनि व्यवस्था रहेकोमा सो लाई संशोधन गरी हाल प्रचलित प्रावधान वमोजिम संस्थापक शेयरधनी न्यूनतम ५१ प्रतिशत हुनु पर्ने व्यवस्था भएकोले शेयरधनी समूह "ख"मा रहेको शेयर संख्याको ५% समानुपातिक हिसाबले संस्थापक समूह "क" मा र बाँकी ९५ प्रतिशत सर्वसाधारण समूहमा समायोजन गरी मिलान गर्ने र यसरी समायोजन गर्दा शेयरधनीको दशमलब .५० वा सो भन्दा बढी आएको अंशको सम्बन्धमा १ शेयर संस्थापक समूह "क" मा मिलान गर्ने र बाँकी मात्र सर्वसाधारण समूहमा मिलान गर्ने प्रस्ताव पारित गरियो ।

(४)

(क) बोनस शेयर जारी पश्चात एवं हाल रहेको शेयरधनी समूह "ख" को समायोजन पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि भई रु.१,०९,६३,७५,५००/- (एक अर्ब नौ करोड त्रिसाठी लाख पचहत्तर हजार पाँच सय रुपैयाँ) लाई सोही अनुसार जारी तथा चुक्ता पूँजी प्रबन्धपत्रको दफा ५ (ग) र (घ) तथा नियमावलीमा नियम ५ (ग) र (घ) मा संशोधन गरी देहाय अनुसार कायम गर्ने बिशेष प्रस्ताव पारित गरियो ।

"**प्रबन्धपत्र दफा ५ ग** : कम्पनीको जारी पुँजीको स्वामित्वको विभाजित अनुपात निम्नानुसार हुनेछ ।

(१) संस्थापक शेयरवालाहरुले जारी पूँजीको ५१ प्रतिशतको रु. ५५,९१,५१,५०५/- (पचपन्न करोड एकानब्बे लाख एकाउन्न हजार पाँच सय पाँच) को शेयर लिने छन् । संस्थापक शेयरवालाहरुलाई समूह "क" भनिनेछ ।

(२) कम्पनीले जारी पूँजीको ४९ प्रतिशतको रु. ५३,७२,२३,९९५/– (त्रिपन्न करोड बहत्तर लाख तेइस हजार नौ सय पन्चानब्बे) को साधारण शेयर सर्वसाधारण (समूह "ख") को लागि छुट्याएको छ । यस समूहका लागि छुट्याइएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ ।"

"**प्रबन्धपत्र दफा ५ घ** : कम्पनीको तत्काल चुक्ता पूँजी रु. १,०९,६३,७५,५००/– (अक्षरेपी एक अर्ब नौ करोड त्रीसाठ्ठी लाख पचहत्तर हजार पाँच सय) हुनेछ ।"

"**नियमावली नियम ५ ग** : कम्पनीको जारी पुँजीको स्वामित्वको विभाजित अनुपात निम्नानुसार हुनेछ ।

(१) संस्थापक शेयरवालाहरुले जारी पूँजीको ५१ प्रतिशतको रु. ५५,९१,५१,५०५/- (पचपन्न करोड एकानब्बे लाख एकाउन्न हजार पाँच सय पाँच) को शेयर लिने छन् । संस्थापक शेयरवालाहरुलाई समूह "क" भनिनेछ ।

(२) कम्पनीले जारी पूँजीको ४९ प्रतिशतको रु. ५३,७२,२३,९९५/– (त्रिपन्न करोड बहत्तर लाख तेइस हजार नौ सय पन्चानब्बे) को साधारण शेयर सर्वसाधारण (समूह "ख") को लागि छुट्याएको छ । यस समूहका लागि छुट्याइएको शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ ।

"**नियमावली नियम ५ घ** : कम्पनीको तत्काल चुक्ता पूँजी रु. १,०९,६३,७५,५००/– (अक्षरेपी एक अर्ब नौ करोड त्रीसाठ्ठी लाख पचहत्तर हजार पाँच सय) हुनेछ ।"

(ख) माथि उल्लेखित प्रबन्धपत्र तथा नियमावलीमा संशोधन पश्चात संस्थापक समूह तथा सर्वसाधारण समुह मात्र कायम रहने हुदाँ "बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका २०७५" समेतको आधारमा नियमावलीको नियम १२(ख) मा भएको हालको व्यवस्थामा संचालकहरुको संख्यामा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव पारित गरियो ।

"**नियमावलीको नियम** १२ (ख)

यस कम्पनीमा निम्न बमोजिम संचालक रहनेछन् ।

१) "क" समूहको संस्थापक मुख्य कम्पनीवाट ३ जना संचालकले "क" समूहको प्रतिनिधित्व गर्नेछन् ।

२) "ख" समूहको सर्वसाधारण शेयरवालाहरु मध्येवाट निर्वाचित २ जनाले संचालक समितिमा प्रतिनिधित्व गर्नेछन् ।

३) कम्पनी ऐन २०६३ को दफा ८६ ले निर्दिष्ट गरे अनुसार स्वतन्त्र संचालकहरु नियुक्त गरिनेछ ।

साथै माथि उल्लेखित संचालक संख्या मध्ये एक जना महिला संचालक अनिवार्य रहनेछ ।"

(ग) प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक फेरबदल तथा थपघट गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गरियो ।

(५) विविध ।

विविध अन्तर्गत केहि प्रस्ताव नभएको ।

अन्त्यमा, सभाका सभापति श्री बिमल प्रसाद वाग्लेज्यूले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नरहेकोले विश्वव्यापि रुपमा फैलिएको Covid-19 महामारीको संक्रमणबाट सुरक्षित रही स्वस्थ्य रहनु हुनका लागि सबैमा अपिल गर्दै बिहानको ११:५५ बजे कम्पनीको चौधौ वार्षिक साधारण सभा सम्पन्न भएको घोषण गर्नु भयो ।

**कम्पनी सचिव**

पो.ब.नं.: २०६००, पानीपोखरी, लाजिम्पाट, काठमाडौं
फोनः ४४१८११३, ४००६६२५, फ्याक्सः ९७७-१-४४१६४२७
इमेलः info@nlgi.com.np; nlgi@mail.com.np
www.nlg.com.np

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड